अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह

**शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङ**

**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**दोश्रो पटक सूचना प्रकाशन मितिः २०८२।०८।०२**

श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङको आ.व. आ.व. २०८१।०८२ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वनपैदावार शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङमा घाट्गद्दी गरी राखिएको निम्न लटको तपशिलमा उल्लेखित परिमाणको वनपैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वनपैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा दोश्रोपटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वनपैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ/दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु) | |
| १ | पुनरुत्पादन कटान धाङ नं. २,४ र ५ | साल | गोलिया | A | ९ | ११७.९६ | १२५० | १४७४५० | २५४२६७ |
| | | | | B | ५० | ३८९.०० | ९०० | ३५०१०० | |
| | | | | C | २०४ | ८१३.५१ | ६०० | ४८८१०६ | |
| | | | | D | ८५ | १७२.८४ | ३०० | ५१८५२ | |
| | | | | जम्मा | ३४८ | १४९३.३१ | | १०३७५०८ | |
| | | जामुन | गोलिया | C | १ | २.३८ | १०० | २३८ | |
| | | लट नं. १ को जम्मा | | | ३४९ | १४९५.७ | | १०३७७४६ | |
| २ | पुनरुत्पादन कटान धाङ नं. ६,७ र ८ र सुधार कटान धाङ नं. २ (गो.नं. १९८ देखि २३९ सम्म) | साल | गोलिया | A | ६ | १००.८ | १२५० | १२६००० | २४८४६४ |
| | | | | B | ४५ | ३६३.४१ | ९०० | ३२७०६९ | |
| | | | | C | २३४ | ८९३.१ | ६०० | ५३५८६० | |
| | | | | D | ५८ | १०४.२४ | ३०० | ३१२७२ | |
| | | | | जम्मा | ३४३ | १४६१.६ | | १०२०२०१ | |
| | | साल दाउरा | | | | १०.०० | १२००० | १२०००० | ११२००० |
| काठ, दाउरा संकलन खर्चमा गोलिया काठको प्रति क्यू.फि. १७०।- र दाउराको प्रति चट्टा ११२००।- | | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८२।०८।२२ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः

(क) अन्तिम मितिः २०८२।०८।२३ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, जुम्लेकुला शाखामा रहेको खाता नं. ०७७०१०४०२५२८४३ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह

**शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङ**

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस शान्ति सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. ***लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।***

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०८।२३ गते सो दिन सार्वजनिक बिदा परेको खण्डमा सो को भोलिपल्ट यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

# गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

## दोश्रो पटक प्रकाशन मिति २०८१/०८/०२ गते

श्री **शान्ति सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गाउँपालिका वडा नं. ४ जुम्लेकुला, दाङ**को वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं.४ जुम्लेकुला, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल र जामुन जातको गोलिया काठ थान ६९२ को २९५७.२४ घ.फि. साल दाउरा १०.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।